दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १७८ | बुटवल | २०८२ असार १० गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday June.24, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# बुटवलको बजेट ३ अर्ब ३६ करोड, तिलोत्तमाको २ अर्ब ९२ करोड





**लुम्बिनी संवाददाता**

*बुटवल ।*

रुपन्देहीको बुटवल उपमहानगर र तिलोत्तमा नगरपालिकाले सोमबार वजेट ल्याएका छन् ।

बुटवल उपमहानगरपालिकाले आगामी आर्थिक वर्षका लागि ३ अर्ब ३६ करोड १३ लाख बराबरको बजेट ल्याएको छ ।

सोमबार नगरसभाको सत्रौं अधिवेशनको तेस्रो बैठकमा उपमेयर सावित्रादेवी अर्यालले कूल वजेटमा चालूतर्फ ४९ प्रतिशत र पुँजीगततर्फ ५१ प्रतिशत रहने बताइन् । बजेटमा शिक्षा, स्वास्थ्य, रोजगार, पर्यटन र कृषिलाई प्राथमिकता दिइएको छ ।

आगामी आर्थिक वर्षमा ९५ करोड आन्तरिक आय हुने अनुमान पेश गरेकी छन् ।

वजेटमा निजी क्षेत्रसँग सहकार्य गरी कार्यक्रम सञ्चालनका लागि १ करोड, पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न ५० लाख र बुटवललाई सांस्कृतिक सहर बनाउन १ करोड १५ लाख रुपैयाँ विनियोजन भएको छ ।

विद्यालयहरुको सुधार र न्यूनतम मापदण्ड पूरा गर्न ६ करोड, कृषि सुधारमा १ करोड, छात्राहरुलाई निःशुल्क अध्ययनका लागि ५० लाख, विपन्न वर्गका बालबालिकाको पोशाक र शैक्षिक सुधारका लागि ३० लाख, सामुदायिक विद्यालयमा डिजिटल लर्निङ पोर्टल र कम्प्युटर शिक्षा सुधारका लागि १ करोड, स्थानीय पाठ्यक्रमलाई सुधार गर्न ७० लाख बजेट विनियोजन भएको छ ।

यस्तै ज्येष्ठ नागरिक र असहायहरुलाई घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउने कार्यक्रमका लागि ९० लाख, महिलाहरुको पाठेघर, स्तन क्यान्सर, भिडियो एक्सरे र अन्य स्वास्थ्य परीक्षणका लागि ३० लाख, बुटवल १३ र १७ मा निर्माण भएका अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि ६० लाख बजेट विनियोजन भएको छ ।

झुम्सा खानेपानी बुटवलमा ल्याउन पाल्पाको तिनाउ गाउँपालिकाको मुहान क्षेत्रको विकासका लागि २ करोड, गृहिणी महिलाहरुलाई रोजगारसँग जोड्ने कार्यक्रमका लागि ३ करोड, उद्यमी महिलाहरुका लागि ७० लाख, दलित समुदायका परम्परागत पेशालाई सीप विकास केन्द्रका रुपमा सञ्चालन गर्न ८५ लाख, बुटवल क्षेत्रको मुख्य सडक र भित्री सडकहरुलाई हरियाली बनाउँदै सौन्दर्यीकरण गर्न ३ करोड, जितगढी किल्ला नजिकै आरती केन्द्र निर्माणका लागि ५ करोड र गौशाला व्यवस्थापनका लागि १ करोड बजेट विनियोजन भएको उपमेयर अर्याललले बताइन् ।

किसानहरुका समूहलाई उपकरण खरिदमा अनुदान दिन १ करोड, दुग्ध उत्पादक किसानहरुलाई प्रोत्साहनस्वरुप अनुदान दिन ५० लाख, कालिकापथ, अमरपथ र ट्राफिक चोकमा रात्रीकालीन बजार सञ्चालनका लागि ५० लाख विनियोजन भएको छ ।

यस्तै अव्यवस्थित बसोबास र सुकुमबासी क्षेत्रको नापजाँचको व्यवस्थापनका लागि १ करोड ५० लाख, पुनः नापी गर्न २ करोड रुपैयाँ विनियोजन भएको छ ।

यस्तै रुपन्देहीको तिलोत्तमा नगरपालिकाले आगामी आर्थिक वर्षको लागि २ अर्ब ९२ करोड ९३ लाख ७१ हजार ५ सय ८२ रुपैंयाँको बजेट सार्वजनिक गरेको छ । नगर उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक जागेश्वरी चौधरीले सोमबार दोस्रो नगरसभाको सातौं अधिवेशनको तेस्रो बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गरेकी हुन् ।

बजेटमा चालु तर्फ १ अर्ब २९ करोड ४० लाख ७२ हजार अर्थात् ४४ दशमलव १७ प्रतिशत र पूँजीगत तर्फ १ अर्ब ६३ करोड ५२ लाख ९९ हजार ५ सय ८२ रुपैंयाँ अर्थात् ५५ दशमलव ८३ प्रतिशत हुने अनुमान गरिएको छ । बजेट वक्तव्यमा उपप्रमुख चौधरीले बजेटको स्रोततर्फ आन्तरिक राजस्वबाट ३३ करोड र अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा बचतबाट २ अर्ब ५९ करोड ९३ लाख ७१ हजार ५ सय ८२ रुपैंयाँ प्राप्त हुने लक्ष्य लिइएको उल्लेख गरिन् । तिलोत्तमा नगरपालिकाले आगामी आर्थिक वर्षका लागि चालु आर्थिक वर्षको भन्दा १६ करोड बढीको बजेट ल्याएको हो ।

वजेटमा शिक्षा र सामाजिक विकास क्षेत्रमा ९९ करोड ४२ लाख ५२ हजार ५ सय ८२ बिनियोजन भएको छ ।

यस्तै दुधमा दिईदै आएको प्रति लिटर २ रुपैया अनुदानको लागि रु ७० लाख सहित समग्रमा आर्थिक विकास क्षेत्रमा ६ करोड १९ लाख ५० हजार विनियोजन भएको छ ।

एक वडा एक किलोमिटर सडक निर्माणका लागि रु १५ करोड, तिलोत्तमा बहुउदेश्यीय भ्यू टावरको निर्माण सम्पन्न र संचालन गर्न १ करोड, सिटि कलेज संचालन व्यवस्थापनको लागि रु ५० लाख, केउलानीमा रहेको हलमा स्किल ट्रेनिङ्ग सेन्टर स्थापनको लागि रु २५ लाख विनियोजन भएको छ ।

वडा भवन निर्माण गर्न रु ३ करोड र सम्पन्न नभएका वडा कार्यालय बाउन्ड्री वाल, सभाहल लगायतका संरचना सम्पन्न गर्न रु २ करोड , सडकको मर्मत सम्भार गर्न, सड्कलाई खाल्टा खुल्टी मुक्त बनाउन यस वर्ष पूर्वाधार एम्बुलेन्स तथा मेशिनरी औजार खरिद गर्नको लागि रु २ करोड सहित समग्रमा पूर्वाधार विकास क्षेत्रमा ९७ करोड ५८ लाख ३९ हजार विनियोजन भएको उपप्रमुख चौधरीले बताइन् ।

टोल विकास संस्थाको विकास र परिचालन गर्दै नगरको समग्र विकासमा जोड्नको लागि ८० लाख , नगरपालिकामा कार्यरत करार कर्मचारी, नगर प्रहरी समेतलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न र पूर्णता दिन १ करोड ५० लाख सहित समग्रमा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ५१ करोड ७३ लाख ५८ हजार विनियोजन भएको चौधरीले बताइन् ।

## युवाले वैचारिक नेतृत्व गर्नुपर्छः ओली

ललितपुर । प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले युवाहरु भ्रमित भएमा परिवर्तन र अग्रगमनको गति सुस्त हुने बताएका छन् ।

राष्ट्रिय युवा सङ्घ नेपालको केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकलाई सोमबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले युवाहरुले व्यक्तिको नभई सही विचार र नेतृत्वको पक्षपोषणमा लाग्नुपर्ने बताए ।

उनले भने, 'अहिले युवा संघको काँधमा असाधारण जिम्मेवारी रहेको छ । आगामी स्थानीय तहको निर्वाचनसम्म यस कमिटीको नेतृत्व रहन्छ । संघको नेतृत्वले आफ्नो कार्यकालका लागि सिंगो योजना बनाओस् । नयाँ इतिहास कायम राखोस् । असाधारण सक्रियताका साथ काम गरोस् । यसले सामाजिक न्याय, राष्ट्रिय हित, रक्षा, सुशासन र वैज्ञानिक दृष्टिकोणजस्ता एमालेका नीतिप्रतिको प्रतिबद्ध संगठनका रुपमा उभ्याओस् ।'

वैचारिक हिसाबले स्पष्ट र सांगठनिक हिसाबले सुदृढ तथा आवश्यकता परेका बेला देश र पार्टीका पक्षमा जुझारुरुपमा आन्दोलन गर्न सक्ने योजना बनाउन निर्देशन दिए। विपक्षीहरुले फैलाएका भ्रमपूर्ण प्रचारको खण्डन गर्दै सही बाटोका पछि लाग्न उनले निर्देश गरे।

अध्यक्ष ओलीले सही ढंगले नेतृत्व गर्न सक्ने व्यक्तिप्रति युवाहरु असहिष्णु हुनु हुँदैन भन्दै इनोभेटिभ तरिकाले गर्ने खोजका कामहरु विश्वमा युवाहरुले नै गरेकाले आफ्नो क्षेत्रमा दक्षता हासिल र नयाँ उपलब्धि हासिल गर्न अग्रसर हुन आव्हान गरे।

'कुनै पनि व्यक्तिभित्र घमण्ड पसेपछि ऊ बिग्रने बाटोमा जान्छ । हाम्रा युवाहरु दम्भी, घमण्डी हुनेछैनन् । क्षमतावान विनयी र शालिन हुनेछन् । गुण्डा हुने छैनन्, बलवान हुनेछन् । कसैले गालामा पिट्न आएमा ओम शान्ति' भनेर चाँही बस्दैनन् । त्यसकारण युवा संघले अन्याय सहँदैन् र अन्याय गर्दैन भन्ने बुझाउन सक्नुपर्छ,–उनले भने ।

## इजरायलबाट ८ सय ८५ नेपाली फर्कन इच्छुक

बुटवल । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले इजरायलबाट नेपाल फर्कन ८ सय ८५ जनाले नाम टिपाएको जानकारी दिएकी छन् ।

प्रतिनिधि सभाको सोमबारको बैठकमा बोल्दै मन्त्री राणाले सरकारले इजरायल-इरानबीच युद्धका कारण नेपाल फर्कन चाहने नेपालीलाई अनलाइन पोर्टलमार्फत विवरण लिन शुरू गरेको जानकारी दिइन् ।त्यसमा ८८५ जनाले विवरण भरेको उनको भनाई छ ।

मन्त्री राणाले इजरायल-इरानबीच उत्पन्न द्वन्द्वका कारण सो क्षेत्र तथा अन्य प्रभावित मुलुकहरूमा रहेका नेपाली नागरिकहरूको सुरक्षालाई सरकारले प्राथमिकतामा राखेको समेत बताइन् ।

उनले भनिन्– जुन १३ मा हामी प्रेस विज्ञप्ती जारी गऱ्यौं। त्यसपछि जुन १५ मा हामीले प्रेस एड्भाइजरी समेत जारी गरेर हाल इजरायल तथा इरानमा रहेका नेपाली नागरिकलाई सुरक्षा सतर्कता अपनाउन अनुरोध गरिरहेका छौं । हरेक दिन जसो म राजदुतज्यूहरुसँग समेत सम्पर्क गरेर बुझ्ने प्रयास गरिरहेको छु । त्यो बाहेक अन्य देशमा रहनुभएको राजदुतहरुसँग नेपाली नागरिकको सुरक्षाका सन्दर्भमा निरन्तर छलफल हुँदै आएको छ । जुन १७ अनलाइन पोर्टल खोलेर नेपाली नागरिकहरुको विवरण लिन शुरु गरेका छौं । र उक्त पोर्टलमा हालसम्म ८ सय ८५ जनाले दर्ता गर्नुभएको छ । अबको एकदुई दिनमा श्रम संसार भन्ने मोबाइल एप नागरिक एपसँग मिलाएर रिलिज पनि गर्न गइरहेका छौं ।'

उनले अवैधानिक रुपमा विदेशमा काम गरिरहेका नेपाली नागरिकलाई वैधानिक बनाउनका लागि काम गर्न समेत कार्यदल गठन गरी काम अघि बढाइएको बताइन् ।

उनले इजरायल-गाँजा युद्धमा बेपत्ता भएका नेपाली विद्यार्थीविपिन जोशीको रिहाईको लागि समेत सरकार प्रयासरत रहेको बताइन् ।

## अमला रिहा लगत्तै पुनः पक्राउ

बुटवल । ६१ किलो सुन तस्करी प्रकरणमा धरौटीमा रिहा गरेलगत्तै अमला रोकालाई प्रकाउ गरिएको छ ।

काठमाडौं जिलूला अदालतले रोकालाई सोमबार २ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो ।

तर, उनलाई सम्पत्ति शुद्धिकरण विभागबाट पनि पत्र आएकाले पक्राउ गरेर पठाइएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का प्रवक्ता एवं एसपी युवराज खड्काले जानकारी दिए ।उनले भने 'सम्पत्ति शुद्धिकरणबाट पनि हामीलाई पत्र थियो । सोही पत्रको आधारमा नियन्त्रणमा लिएर हामीले पठाएका छौं ।'

सीआईबीले गत शुक्रबार रोकालाई काठमाडौंको टोखाबाट पक्राउ गरेको थियो । उनको खोजीका लागि अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) मा डिफ्यूजन नोटिस जारी भएको थियो ।

उनी सुनकाण्डमा मुछिएका बेल्जियन नागरिक दावा छिरिङका श्रीमतीसमेत हुन् । ठमेलस्थित होटेल भियना उनको नाममा दर्ता छ ।

राजस्व अनुसन्धान विभागले २ साउन २०८० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार राजस्व जाँच पास गरेर बाहिरिएको ६१ किलो सुन बरामद गरेको थियो । १९ दिनपछि थप अनुसन्धानका लागि भन्दै विभागले सीआईबीलाई फाइल बुझाएको थियो ।

अमला रोल्पाकी माओवादी नेतृ समेत हुन् । रोकासँग विवाह गरेपछि सुन तस्करीमा संलग्न दावा छिरिङले माओवादी नेताहरुसँग सम्बन्ध बनाएका थिए ।

रोकासहित तीन चिनियाँ नागरिकसँग हेलिकप्टरमा गोसाईंकुण्ड घुम्न गएको पाइएको पूर्वउपराष्ट्रपति पुत्र दिपेश पुनसमेत विवादमा मुछिएका थिए । उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वको छानबिन समितिले उनको समेत बयान लिएको थियो ।

## माण्डवीका जनप्रतिनिधिको बदमासी

### दुर्घटनामा मृतकका परिवारले पाएनन् राहत

प्युठान।प्युठानको माण्डवी गाउँपालिकाले सम्झौता कार्यान्वयन नगर्दा मृतकका परिवारलाई समस्या भएको छ ।०८० माघ महिना २८ गते वडा नम्बर १ देबिस्थान डाँडामा माण्डवी गाउँपालिकाको रा १ क ७७३ नम्बरको ब्याक हो लोडरले किचेर ठग बहादुर घर्तीको मृत्यु भएको थियो।

मृतकको परिवारलाई क्षतिपूर्ति बापत माण्डवी गाउँपालिकाले दश लाख रकम तत्काल उपलब्ध गराउने सम्झौता भए पनि हालसम्म ५ लाख मात्र उपलब्ध गराएको मृतकका बुहारी शान्ता घर्तीले बताइन।

पालिकाले बिमा बापत २०८१ जेठ १२ गते ५ लाख रुपैंयाँ मात्र उपलब्ध गराएको थियो।उनले भनिन,'सम्झौता अनुसार घटना घटेपछि तत्काल रकम उपलब्ध गराउने सर्तमा हामी मन्जुर भएका थियौं, तर १६ महिना पुरा हुँदा पनि पालिकाले बाँकी रकम दिन नखोजेको आरोप उनले लगाइन् ।

घटनामा संलग्न रहेका माण्डवी गाउँपालिकाका लोडरका चालक सुवास घर्ती ११ महिना सम्म जिल्ला कारागार प्युठानमा थुनुवामा बसेका थिए।पालिकाको लापरबाहीले गर्दा आफूसँग सवारी साधनको लाइसेन्स हुँदा समेत थुनुवामा रहेको उनले बताए।

२०८१ पुसमा चालक घर्ती रिहा भएका हुन् । पालिकाका अध्यक्ष नमराज अधिकारीले पटक–पटक मृतक परिवारको घरमै पुगेर २०८१ असार मसान्तसम्म सबै रकम चुक्ता गरिदिने प्रतिबद्धता गरेता पनि हालसम्म बाँकी रकम उपलब्ध नगराएको मृतकका जेठा छोरा धन बहादुर घर्तीले बताए।उनले भने,'सोहि मुद्दामा ३ पटक जिल्ला प्रहरी कार्यालय र २ पटक जिल्ला अदालतमा उपस्थित भएको सुनाए। सम्झौता अनुसार सबै आउने जाने पोस्टमार्टम गर्ने खर्च समेत पालिकाले उपलब्ध गराउने शर्त थियो तर हालसम्म यी खर्च पनि नदिएको पिडित घर्तीले बताए।

मृतकका परिवारलाई १० लाख उपलब्ध गराउने दुवै पक्षबीच मन्जुरी भई सहमति भएपछि वडा अध्यक्षको हैसियतले सम्झौता पत्रको रोहबरमा रहेर हस्ताक्षर गरेको सोही वडाका वडाध्यक्ष बाम बहादुर बुढाले बताए। उनले भने,–मैले पटक–पटक कार्यपालिकाको बैठकमा यो कुरा उठाउँदै आएको छु । मैले पालिकाका अध्यक्षलाई व्यक्तिगत तरिकाले धेरै पटक भनिसके तर अझै थप रकम उपलब्ध हुन सकेको छैन् । उनले रकम उपलब्ध नगराउनु पालिकाको कमजोरी भएको बताए ।

माण्डवी गाउँपालिकाका उपाध्यक्ष पूर्ण प्रसाद कालाथोकीले पिडित पक्षसँग हामीले गरेको सम्झौता अनुसार पालिकाले अनुमोदन नगरेको बताएका छन् ।

माण्डवी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भिमप्रसाद भण्डारीले सम्झौता अनुसार पालिकाले उक्त रकम निकासा गर्न नसकिने उनले बताए।

सो सम्झौता पत्रमा माण्डवी गाउँपालिकाका प्रशासन शाखा प्रमुख तथा सुचना अधिकारी बलराम पौडेल,कम्युटर अपरेटर तुफान अधिकारी माण्डवी गाउँपालिका १ वडाध्यक्ष बाम बहादुर बुढा सोहि वडाका वडा सचिव चेतन अधिकारी र मृतक ठग बहादुरका जेठा छोरा धन बहादुर घर्तीको हस्ताक्षर रहेको छ।

जनप्रतिनिधिको क्षेत्राधिकार बाहिर रहेर उक्त सम्झौता पत्रमा पालिकाको उपाध्यक्ष पूर्ण प्रसाद कालाथोकीले हस्ताक्षर गरेका हुन् ।

कपिलवस्तु नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पतिको संरक्षण गरौं
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं
- पानी उमालेर मात्र पिउने गरौं
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं
- सबैखालका विभेदको अन्त्य गरौं
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं

अनुरोधक :
कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# निजामति प्रशासनलाई भद्रगोल हुनबाट जोगाऊ

संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी विधेयकका कतिपय प्रावधान हटाउन भइरहेको चलखेल निजामति प्रशासनलाई भद्रगोल बनाउने प्रपञ्च हो । निजामति प्रशासन कमजोर,कामचोर र गैरजिम्मेवार भइरहेका बेला अवकाशपछि दुई वर्ष कुनै सरकारी नियुक्तिमा योग्य नहुने प्रावधान कर्मचारी प्रशासनलाई जिम्मेवार बनाउने उपाय हो। तर न कतिपय प्रावधान हटाउन मुख्यसचिव र सचिवले राजनैतिक नेतृत्वलाई अस्वभाविक ढंगले दवाव दिएपछि राजनैतिक नेतृत्व प्रभावित हुने जोखिम बढेको छ।

संसदको समितिले अवकाश र पुनर्नियुक्तिको अवधि (कुलिङ पिरियड) दुई वर्ष राख्ने गरी पारित गरेको विधेयकलाई प्रक्रियागत रूपमा संसदबाट छिटो पारित गर्नुको विकल्प छैन्। विषयगत समितिबाट टुंगिएको विधेयकमाथि पुनः सरकारले हस्तक्षेप गर्नु अमर्यादित कदम भएकाले कर्मचारी नेतृत्वको दवावबाट सरकार बाहिर निस्कन सक्नुपर्छ ।विधेयकमा दुई वर्ष कुलिङ पिरियड राख्नुका बहुआयामिक कारण छन्। यो राख्दा व्यापक छलफल भएको छ। कर्मचारी प्रशासनमा मौलाउँदै गएको स्वार्थी र अवसरवादी प्रवृतिलाई निरुत्साहित गर्न कुलिड पिरियड कामयावी हुने अपेक्षा गरिएको छ। निजामति प्रशासन स्थायी सरकार हो। राजनैतिक नेतृत्व हरेक पाँच वर्षमा परिवर्तन हुन्छ। अझ हामी कहाँ छिटो–छिटो सरकार फेरिने हुँदा राजनैतिक नेतृत्व त्यो भन्दा छिटो फेरिन सक्छ। राजनैतिक नेतृत्व फेरिरहँदा कर्मचारी संयन्त्र स्थिर हुन्छ। स्थायी सरकार कर्मचारी संयन्त्र स्वार्थको जालोमा जेलिनु मुलुकको लागि दुर्भाग्य हो।

निजामति प्रशासनमा लामो समय काम गरेर निवृत्त भएपछि विभिन्न गैरसरकारी संस्था, दातृ निकायमा काम गर्न जाने कर्मचारीको लर्को ठूलै छ। अझ राजनैतिक नेतृत्वलाई रिझाएर अवकाश लगत्तै संवैधानिक निकाय र राजदूत हुने कर्मचारीको संख्या ठूलो छ। लामो समय सरकारी सेवामा विताउँदा उनीहरुले हासिल गरेको अनुभव र ज्ञान राष्ट्र निर्माणमा काम लाग्छ नै, तर उनीहरुले सेवा निवृत्त भए लगत्तै पाउने अवसरका लागि स्वार्थ समूहका लागि काम गर्ने प्रवृति मौलाउँदै गएको छ। जुन प्रवृत्ति स्वच्छ र स्वस्थ लोकतान्त्रिक प्रणाली विकासका लागि बाधक छ। राजनैतिक नेतृत्वसँग स्वार्थको सम्बन्ध विस्तार गरेर स्वार्थ पूर्ति गर्न पल्केको कर्मचारी नेतृत्व राजनैतिक नेतृत्वकहाँ घरदैलो गर्दा त्यसले राम्रो सन्देश दिनसकेन्।

कुलिङ पिरियड निजामति प्रशासनलाई लयमा हिडाउनका लागि अनिवार्य छ। सेवा निवृत्तपछि पाउने अवसरको आशा र लोभमा अवाञ्छित काममा लाग्ने प्रवत्ति स्वतः कमजोर हुँदैजान्छ। लोकतान्त्रिक प्रणालीलाई व्यवहारमा स्थापित गर्ने कानुनको सही निर्माणले मात्रै संभव छ।संसदीय समितिले पारित गरेको विधेयकलाई छिटो संसदबाट पारित गर्नु नै उत्तम हुन्छ। व्यक्तिगत स्वार्थका लागि संस्थागत रुपमा साख गिराउन सक्रिय कर्मचारी प्रशासनका उच्च अधिकारीहरुलाई नियन्त्रण गर्ने उपाय नै विधेयक छिटो पारित गर्नु हो।

# सामाजिक न्यायको प्रत्याभूति



सञ्जीव कार्की

अब मुद्दा बोक्न दलित मात्र होइन, गैरदलित र राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय समुदाय पनि मानव अधिकारको प्रश्नमा सहयोगी बन्न आइपुग्छ। यसर्थ सुधारवादी गैरदलितलाई पनि दलित समुदायले आफ्नो आन्दोलनको हिस्सा बनाएर उपयोग गर्न हिचकिचाउनु हुँदैन। दक्षिण अफ्रिकामा १५० वर्षसम्म अश्वेतहरू श्वेतको उत्पीडनमा परे जबकि जनसंख्याको ८० प्रतिशत हिस्सा अश्वेतहरूको थियो। श्वेतहरू १२ प्रतिशत मात्र थिए।

'दलित' शब्द आन्दोलनको साझा नाम र परिचय बने पनि दलितलाई शिल्पी समुदाय भनेर सम्बोधन गरिनु उचित हुने तर्क पनि छन्। दलित र शिल्पी नाममा विवाद भए पनि दलितको पीडा र मुक्तिको विषय सबैको साझा विषय हो। मानव मर्यादा र सामाजिक न्यायको विषय कुनै एक अमुक समूहको विषय मात्र बन्न सक्दैन। दलित शब्दको प्रथम प्रयोक्ता भारतीय गैरदलित सामाजिक अभियन्ता (१८२७- १८९०) ज्योति राव फुलेलाई मानिन्छ । 'दलित' शब्दलाई दलित आन्दोलनको प्रमुख परिचयको रूपमा डा. भीमराव अम्बेडकरले स्थापित गराएका हुन् । नेपालमा पनि २०२४ सालदेखि दलित शब्दको प्रयोग भएर दलित आन्दोलनको साझा नाम रहेको स्वीकारोक्ति आमदलित समुदायको रहेको छ।

'जात वार्तामा' आहुति, 'आन्तरिक विभेदको वृत्तान्तमा' मेघराज रसाइली र भारतीय लेखकहरूले 'दलित साहित्यको समाजशास्त्र' मा हरिनारायण ठाकुर, 'दलित साहित्यको सौन्दर्यशास्त्र' मा डा. शरणकुमार लिम्बाले, दलित साहित्य एक मूल्याङ्कनमा प्रो. चमनलाललगायत लेखक र नेपालमा पनि दलित विषयमा कलम चलाउनेले ज्योति राव फुलेलाई दलित शब्द प्रयोग गर्ने प्रथम व्यक्तिका रूपमा स्वीकार गरेर दलित आन्दोलनमार्फत नेपालको संविधान २०७२ मा पनि दलित शब्दको प्रयोग धारा २४, ४०, ४२ र धारा २५५ मा प्रयोग गरी दलित हक अधिकार र न्यायको संवैधानिक व्यवस्था गरिएको छ । यसर्थ 'दलित' शब्द नै प्रयोग गरिएको छ।

**दलितलाई मान्छे बन्न देऊ**

दलितलाई मान्छे बन्न देऊ, मान्छेको हैसियत देऊ भन्ने गलत भाष्य बनेको छ वास्तवमा मान्छे बन्नुपर्ने दलितलाई दलन गर्नेले, दलितलाई अन्याय र अत्याचारको जाँतोमा पिस्ने र ढिकीमा कुट्नेले हो । दलित मान्छे हुने र बन्ने प्रकृतिप्रदत्त जैविक सबै प्रक्रिया अरूले जस्तै पूरा गरेर आएका सोही प्रक्रियाका उपज हुन् । त्यसैले दलितलाई मान्छे बनाऊ भनिराख्नु आवश्यक छैन। आफू जस्तै मान्छेलाई वञ्चित गर्ने निषेध गर्ने व्यक्ति समूह र समुदाय चाहिँ मान्छले गर्ने जस्तो व्यवहार गर्न अग्रसर हुनु पर्छ । गैरदलित मान्छे बनेको दिन दलितको पीडा स्वतः कम हुन्छ।

आफूलाई मान्छे बनाउन दलितले निवेदन दिने र अर्को कुनै अमूक समूहले सदर गर्ने विषयको रूपमा यसलाई बुझ्नु हुँदैन । अतः दलितलाई मान्छे बनाऊ भन्ने भाष्य खारेज गर्दै जुन वैचारिकीले विपक्षीलाई हीनताबोध होस् र आफूलाई आत्मगौरवको अनुभूति होस्, त्यस्तो भाष्यलाई दलित समुदायले प्रयोग गरेर आफ्नो समूहको आत्मबल उच्च बनाएर राख्नु पर्छ। छुवाछुत र जातीय भेदभाव गर्नेलाई मान्छे बन, उन्नत सोच राख, मानवताको ख्याल गर भन्नु एकप्रकारको वैचारिक प्रत्याक्रमण पनि हो।

**आरक्षण र शोध भर्नाको विषय**

दलितले आजको गणतान्त्रिक व्यवस्थामा खोजेको हक भनेको विगतदेखि आज पर्यन्त खेपेको सास्ती भोगेको अपमान, लामो समयसम्म इतिहासमा गरिएको उत्पीडन र विभिन्न राजनीतिक परिवर्तनमा गरिएको बलिदानको आफ्नो भागको अंश दाबी हो। राजनीतिक सामाजिक, सांस्कृतिक, धार्मिक र मानवीय रूपमा गडबड गरिएको हिसाब, सच्याएर सामाजिक अडिट अनुसार राज्य र सरकारको व्यवहारको अपेक्षा खोजेको हो । थाती राखिएको सामाजिक, राजनीतिक, सांस्कृतिक धार्मिक तथा मनोवैज्ञानिक हिसाबको बेरुजु मिलान गर्न आग्रह गरेको हो । अन्याय सहनु पनि न्यायशास्त्रको मर्म र सिद्धान्तविपरीत हो भनेर न्यायको खोज र उत्खनन गर्न चाहेको हो।

असभ्य समाजले गरेको घोटाला चुक्ता गरेर दलितको आत्मसम्मान र स्वाभिमानमा पुऱ्याएको ठेसको बदला निश्चित समयसम्म आरक्षण र अवसर प्रदान गरिरहनु पर्छ। अन्यथा सबैको लागि समान अवसर र मौका भनेर समानता र स्वतन्तत्रताको प्रयोग न्यायपूर्ण र विवेकसम्मत बन्न सक्दैन । दलितलाई समानता र स्वतन्त्रता संवैधानिक ग्यारेन्टी हो भनेर दलितलाई र गैरदलितलाई एकै किसिमको व्यवहार न्यायोचित हुँदैन । प्रत्येकलाई उसको क्षमता र आवश्यकता अनुसारको व्यवहार र अवसर मात्र समतामूलक समाजको परिचायक हो । समानताको अभ्यास र समताको अभ्यास सँगसँगै लैजानु पर्छ, जसले गर्दा स्रोतसाधन, पहुँच र सिपको समान वितरण हुन सक्छ।

प्रतिनिधित्वको सवालमा पनि समताको अवधारणा अत्यावश्यक छ । दलितलाई क्षतिपूर्ति राहत र शोधभर्ना दिन कन्जुस्याइँ गरियो भने बदला र प्रतिशोधको भावना बाँकी रहन्छ । दलित र गैरदलितका बिच द्वन्द्व बढ्ने, विभाजनको खाडल फराकिलो बन्ने, समाज विखण्डित रहने र उचनिचको दृष्टि कायम रहने सम्भावना ज्यादा रहन्छ । आधुनिक ज्ञान निर्मितिमा गरिएको वञ्चितीकरणको एकमुष्ट हिसाब र उपचारात्मक विधि हक र शोध भर्ना हो आरक्षण। दलितको सर्वाङ्गीण विकासमा पुगेको क्षति र बाधाको हिसाब फर्स्योटको रूपमा आरक्षणलाई लिन सकिन्छ । दलितले पाएको आरक्षण विवाद र विरोधको विषय बन्नु अशोभनीय तर्क र विचार हो।

**दलित पहिचानको प्रसंग**

दलित बनाइनु गर्वको विषय र पहिचानको विषय होइन तर दलित समुदाय अन्तर्गत रहेका विविध समुदायको पैतृक पेशागत सिप, साधना, कला, श्रम र इतिहास, योगदान विशिष्ट परिचय र देश निर्माण गर्ने श्रमजीवी समुदायको पहिचान हो । दलित समुदायसँग सभ्यता, आविष्कार, निर्माण, कला, साधना, पसिना र अनवरत श्रमको इतिहास स्मरणीय छ।

राज्यको मूल प्रवाहीकरण हुन वञ्चित, बहिस्कृत, उपेक्षित, भएर बाँच्न विवश रहँदा पनि, आफ्नो चौतर्फी प्रगति उन्नति, औपचारिक शिक्षा प्राप्त गर्नबाट रोकिए पनि देशको माया गरेर बसेको राष्ट्र भक्तिको नमुना इतिहास छ। देशको विकासको लागि भुइँ तहमा बसेर सबैभन्दा बढी रगत, पसिना, आँसु र मेहनतको खोलो बगाएको समुदाय हो, दलित समुदाय । यसर्थ दलित समुदायसँग शिल्पी हुनुको गर्व बोध छ। गौरवपूर्ण योगदानको यात्रा छ। दलित पहिचान हीनताको विषय होइन।

**खाँचो एकीकृत दलित आन्दोलन**

दलित आन्दोलनको खण्डीकरण, दलीयकरण र बहिष्करणले गर्दा एकीकृत तागत बन्न सकिरहेको छैन । सबै तह तप्काका बिच एकता गरेर साझा मोर्चा बनाएर न्यूनतम सहमतिको अवधारणा सहित सहकार्य गर्ने र दलितको विषय र मुद्दालाई जो, जहाँ पार्टीमा रहे पनि नरहे पनि समर्थन गर्ने दलित माथिको ज्यादतीमा बोल्न आफ्ना राजनीतिक पार्टीको इसारा र भाका पर्खनु पर्दैन। संसद् (प्रतिनिधि सभा र राष्ट्रिय सभामा) दलित मुद्दामा कम्तीमा दलित समुदायबाट प्रतिनिधित्व गर्ने सांसदहरू विषयगत एकता प्रदर्शन गर्दै जाने समय जुन दिन र जहिले सिर्जना हुन्छ। मान्नुस् दलित आन्दोलन आधा सफल भयो।

आजसम्म जुन तागत र ऊर्जाले दलित आन्दोलन अगाडि बढ्नुपर्ने र संविधानको शतप्रतिशत पालनाका लागि लगाउनु पर्ने र प्राप्त सफलतालाई ग्रहण गर्दै अतिरिक्त प्राप्तिका लागि अगाडि जानुपर्ने हो, त्यो हुन सकिरहेका छैन । त्यसभित्र रहेका अनेक कारण रूढता, सङ्कुचन अस्तित्वको अस्वीकार, सौन्दर्य चिन्तनको अभाव, दलित मुक्तिको वैचारिकी, दलित मुक्तिको बहुआयामिकता आदि र दलितले गैरदलितलाई हेर्ने दृष्टिकोण, उपयोग गर्ने नीतिमा अस्पष्टता आदि जस्ता कुराले दलित आन्दोलन मजबुत बन्न सकिरहेको छैन।

**आन्तरिक एकतामा जोड**

फुटाउ र राज गर भन्ने सत्तासीनहरूको रणनीतिक चातुर्य बुझ्न नसक्नु दलित मुक्तिको कमजोरी हो । ब्राह्मणवादले हुलिदिएको उचनिचको जरोले दलित समुदाय आफैँमा पनि आक्रान्त छ र विभाजित छ । भाइ फुटे गवार लुटेको स्थितिलाई दलित समुदायमा चरितार्थ गरेर संघीय मन्त्री मण्डलामा दलित निषेधको स्थिति, मन्त्री नै दिए पनि राज्यमन्त्रीको भाग र अन्य प्रदेशमा पनि दलितको प्रतिनिधित्व सन्तुलित नहुने कारण दलित समुदायको बार्गेनिङ क्षमता कमजोर भएर हो।

दलित समुदायभित्र पनि ब्राह्मणवादको पकड दरो रहेको छ जसले गर्दा छुवाछुत बारना, बन्देज र निषेध चरम रूपमा रहेको पाइन्छ । पढेलेखेका दलित समेत आफ्नो समुदाय एकले अर्कोलाई स्वीकार गर्न सकिरहेका छैनन् । सानो उपलब्धिमा पनि जस लिने होड देखिन्छ भने कसैले उपलब्धिलाई पनि बेवास्ता गरेका छन्। सर्वमान्य नेतृत्व र दलित सौन्दर्य चिन्तन, एजेन्डामा अधिकतम सहमतिको अभाव छ । दलित आन्दोलनका निसाना तय गर्न दलितहरू स्वयम् अलमलमा छन्।

कसैले मार्क्सवाद दलित मुक्तिको आधार भन्छन्, कसैले धर्मसंस्कृति सुधार भन्छन्, कसैको तर्क र वर्ग उन्मूलन, कोही थर उन्मूलन आदिको विविध विश्वासमा दलित मुक्तिको निसाना एकिन गरिएको छैन। आन्तरिक एकतामा ध्यान दिन सके दलित आन्दोलनलाई उचाइ लिन गाह्रो छैन । दलितको सबैभन्दा ठुलो मुक्तिको विषय आत्मसम्मान र मर्यादाको हो। राज्यले आत्मसम्मान र मर्यादा त्यतिन्जेलसम्म दिन कन्जुस्याइँ गर्छ, जतिन्जेल दलितले आफ्नो तागत निर्माण गरेर सत्तासँग प्रश्न गर्ने ह्याउ राख्दैन ?

**साझा मोर्चा**

दलित समुदाय सबै एकै छातामुनि दलित मुक्तिको विषयमा एक भएर जानु आवश्यक छ । त्यसका लागि न्यूनतम साझा कार्यक्रम र एजेन्डा तय गरेर जाने । वैचारिक रूपमा पनि एउटा मार्गदर्शन निर्माण गर्ने, दलित मुक्तिका बहुआयाम र क्षेत्रको पहिचान गरी जहाँ र जसरी हुन्छ, त्यता निशाना लगाउने, दलित मुक्तिका लागि सहयोगी बन्ने कार्य गर्ने, धर्म संस्कृति सुधार, दलितको आर्थिक उन्नतिको विषयमा काम गर्ने, विरासतमा गरिएका कामलाई व्यावसायिक बनाएर आयआर्जन र आत्मनिर्भरको बाटो लिने, आदि जस्ता विषयमा राजनीतिकदेखि सामाजिक व्यवस्थासम्म दलित समुदाय परस्परमा एकता गर्न सक्छन्।

**गैरदलितसँग एकता**

दलितको मुद्दा दलितको पीडाको विषय भए पनि आममान्छेको सभ्यता र मानव अधिकारसँग जोडिने विषय हो । विश्व राजनीतिको रङ्गमञ्चको विषय हो, सन् १९४८ को मानव अधिकार घोषणापत्रको पक्ष हो। अब मुद्दा बोक्न दलित मात्र होइन, गैरदलित र राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय समुदाय पनि मानव अधिकारको प्रश्नमा सहयोगी बन्न आइपुग्छ। यसर्थ सुधारवादी गैरदलितलाई पनि दलित समुदायले आफ्नो आन्दोलनको हिस्सा बनाएर उपयोग गर्न हिचकिचाउनु हुँदैन। दक्षिण अफ्रिकामा १५० वर्षसम्म अश्वेतहरू श्वेतको उत्पीडनमा परे जबकि जनसंख्याको ८० प्रतिशत हिस्सा अश्वेतहरूको थियो । श्वेतहरू १२ प्रतिशत मात्र थिए। दक्षिण अफ्रिकाको मोडेलमा नेपालमा पनि दलित मुक्तिका लागि गैरदलितलाई

# के हो जलबिन्दु, कसरी पहिचान गर्ने ?



डा. सञ्जीव भट्टराई

**जलबिन्दु परिचय**

जलबिन्दु आँखाको दृष्टि नशालाई दीर्घकालीन असर गर्ने समस्या हो । जसलाई दृष्टि चोर रोगका नामले पनि चिनिन्छ। यसलाई अंग्रेजीमा क्रोनिक अप्टिक न्युरोप्याथी भन्ने गरिन्छ।

आँखामा बढ्ने प्रेसरले दृष्टि नशालाई असर गर्छ। जसकारण त्यहाँको तन्तुहरु बढ्दै जाने गर्छ।

जसले बिस्तारै दृष्टि नशा सुक्ने तथा दृष्टि क्षमता घट्दै जाने हुन्छ। त्यसकारण यसलाई अंग्रेजीमा साइलेन्ट किलर अफ भिजन पनि भन्ने गरिन्छ।

सुरुवाती समयमा लक्षण बिना नै असर गर्ने भएकोले पनि यसलाई साइलेन्ट किलर अफ भिजन भनिएको हो। आँखाको दृष्टि क्षमतालाई धेरै घटाइसकेपछि मात्रै बिरामीलाई यस समस्या बारेमा थाहा हुने गर्छ।

दृष्टि क्षमतामा धेरै असर पुगेको अवस्थामा फर्काउन निकै कठिन हुन्छ।

धेरै जस्तो जलबिन्दुमा आँखाको प्रेसर बढ्ने भएपनि केही जलबिन्दुमा आँखाको प्रेसर नबढ्ने पनि हुन्छ।

**जलबिन्दुका लक्षणहरु**

सुरुवाती अवस्थामा जलबिन्दुका लक्षणबारे बिरामीलाई थाहा हुँदैन। यद्यपि जलबिन्दुका केही लक्षणहरु निम्नानुसार छन्।

- मन्द गतिले आँखा र टाउको दुख्ने।
- कतिपय जलबिन्दुमा वाकवाकी हुने, तथा आकस्मिक रुपमा टाउको दुख्नु।
- दृष्टि धमिलो हुँदै जानु।
- बत्तीमा हेर्दा इन्द्रेणी रंग देख्नु।
- सवारी चलाउँदा नदेखेर ठोक्किनु।

**जलबिन्दु हुन सक्ने अवस्था**

जन्मजात रुपमा जलबिन्दुको समस्या एकदमै कमलाई हुने गर्छ। करिब १० हजार जनामध्ये एकलाई जलबिन्दुको समस्या आउन सक्छ। यदि परिवारमा कसैलाई जलबिन्दु भएको छ भने जलबिन्दु हुने सम्भावना बढी हुन्छ।

४० वर्ष उमेर पार भइसकेपछि धेरैलाई जलबिन्दु हुने सम्भावना बढ्छ।

त्यस्तै मधुमेह तथा उच्च रक्तचापको समस्या भएकाहरुलाई जलबिन्दु हुने सम्भावना बढी हुन्छ।

स्टोराइड अर्थात् कडा खालका औषधि चलाएका कतिपयमा औषधिको असरले जलबिन्दुको समस्या हुनसक्छ।

यदि आँखामा लागेको चोटपटकको समयमा नै उपचार हुन नसकेमा पनि जलबिन्दुको समस्या आउन सक्छ।

**नेपालमा जलबिन्दुको अवस्था**

सर्वेक्षण अनुसार नेपालमा १ प्रतिशत भन्दा बढीलाई जलबिन्दुको समस्या रहेको छ। विश्वको सन्दर्भमा भने ३ देखी ५ प्रतिशतलाई जलबिन्दुको समस्या रहेको अध्ययनले पत्ता लगाएको छ।

नेपालमा धेरैलाई सुरुवाती अवस्थामा जलबिन्दुको समस्याबारे थाहा हुँदैंन। उपचारका लागि आइपुग्दा सम्म आँखामा क्षति पुगिसकेको हुन्छ।

नेपालमा हुने अन्धोपनाको दोस्रो कारणमा जलबिन्दु पर्छ।

**उपचार**

जलबिन्दुको उपचारका क्रममा गरिने विभिन्न परीक्षण मध्ये पहिलो आँखाको प्रेसर परीक्षण गरिन्छ । त्यस्तै ओसिटी परीक्षण पनि महत्वपुर्ण हुन्छ। समयमा नै उपचार गरी आँखाको प्रेसर बढ्न नदिएको अवस्थामा उपचारमा खासै समस्या हुँदैन।

उपचारका लागि बिरामी आइपुगेको अवस्था निको हुने अवस्था निर्भर रहन्छ। कुनै जलबिन्दुमा आँखाको प्रेसर घटाउनका लागि औषधि सेवन गर्नुपर्ने हुनसक्छ।

जलबिन्दुको प्रकारमा यसको निको हुने अवस्था निर्भर रहन्छ।

कतियमा सामान्य औषधि उपचारले निको हुन्छ भने कतिपय प्रकारका जलबिन्दुको उपचारका लागि शल्यक्रिया समेत आवश्यक पर्न सक्छ। यद्यपि यसको उपचार आँखाको प्रेसरको मात्रा कतिले बढेको छ भन्नेमा निर्भर रहन्छ।

जलबिन्दुबाट कसरी जोगिने ?

- रक्तचाप बढ्न नदिने।
- मधुमेह हुनबाट जोगिने।
- जलबिन्दुको कुनै लक्षण देखिएमा चिकित्सकको सल्लाह लिने।
- आँखाामा चोटपटक लागेका बिरामीले नियमित आँखा परीक्षण गराउने।
- वर्षमा एक पटक जोसुकैले आँखा परीक्षण गराउने।

स्वास्थ्य खबरबाट

# नगर प्रहरीको सक्रियताले हुँदैछ सुधार

**एलिना आचार्य**

*बुटवल ।*

बुटवलको भिडभाड र ब्यस्त सडकमा पछिल्लो समय हरीयो बर्दीमा देखिन्छन् नगर प्रहरीहरु । प्रायः नेपाली समाजमा प्रहरी भन्ने बित्तिकै त्रासदी चित्रण मानसपटलमा आउँछ । बालक जिवनबाट नै हामीले गृहकार्य नगर्दा होस अथवा आमाबुबाले भनेको आर्दश नमान्दाको क्षण होस्, नहुने काम पनि सहजै गराउन, यसो नगरे प्रहरी बोलाइदिन्छु भन्यो भने सहजै मान्न बालमनोविज्ञानबाट हामी सबै परिचित छौ ।

प्रायः मानिसहरुका लागि नगर प्रहरीको चित्रण पनि त्यही होला, अझ सडक पेटीमा व्यापार गर्ने, दर्ता बिना ईरिक्सा संचालन गर्ने अथवा भनौ नियम विपरीत कार्य गर्नेहरुका लागि नगर प्रहरी भन्ना साथ डर र त्रास आउन सक्छ । कसैका लागि फिल्मी शैलीमा आएर सडक पेटीका व्यापारीहरुको गाँस, बाँस र कपास नै तहसनहस पार्ने दानवको रुपमा पनि चित्रण गरेका हुन्छन् । तर के नगर प्रहरीको कार्य क्षेत्र यती मात्र छ त ?

स्थानीय सरकार आइसकेपछि प्रत्येक स्थानीय तहमा नगर क्षेत्रमा परिचालन गर्न नगर प्रहरी गठन गरि सक्रिय भएको देखिन्छ। त्यस्मा पनि बुटवल उपमहानगर प्रहरीको परिचय ठेला व्यवसायीलाई सास्ती दिनेमा मात्र सिमित नभएको देखिएको छ । बुटवल उपमहानगरपालिकामा १ जना ईन्सिपेक्टरको कमान्डमा ४ हवल्दार ७ महिला जवान र १५ पुरुष जवान गरी जम्मा २७ जना नगर प्रहरीहरु रहेका छन् ।

बुटवल उपमहानगरपालिकाले नगर प्रहरीको परिचालन हाटबजार व्यवस्थापन, सडक पेटी व्यवस्थापन, नदी जन्य पदार्थ उत्खनन नियन्त्रण, ई रिक्सा व्यवस्थापन, दर्ता नभएका ई रिक्साहरुलाई व्यवस्थित रुपमा दर्ता गर्न परिचालन गरेको छ । पछिल्लो समय उपमहानगरपालिकाको राजस्व संकलनमा पनि नगर प्रहरीको सक्रिया भूमिका रहदै आएको छ ।

बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेका अनुसार गत आर्थिक वर्षमा राजस्व संकलनको अवस्था ४२ करोड रहेको यस आर्थिक वर्षमा ६२ करोड सम्म राजस्व संकलन गर्न सक्षम भएको बताए । प्रमुखका अनुसार सम्पूर्ण रुपमा राजस्व संकलनमा नगर प्रहरीको भूमिका प्रमुख रहेको बताए । प्रमुख पाण्डेका अनुसार नगर प्रहरी कै परिचालनमा नगरका सडक पेटीहरु व्यस्थित बन्न सम्भव भएको जानकारी दिए । उनले भने–राजस्व संकलन भएपछि त्यही राजस्व मार्फत हामीले जनतालाई सेवा दिन सक्षम हुनेछौ ।

सामाजिक कार्यमा पनि सक्रिय नगर प्रहरी

बुटवल बजार आफैमा व्यस्त सहर हो । त्यो भन्दा बढी व्यस्त यहाँका सडकहरु हुन्छन् । लुम्बिनी प्रदेशकै सबै भन्दा ठूलो अस्पताल लुम्बिनी प्रादेशिक अस्पताल बुटवल मै छ । बुढ्यौली हातले लठ्ठी समाउँदै तिब्र गतिमा सडकमा सवारी गुडिरहँदा बाटो पार गर्नुपर्ने संघर्षमा केहीका ध्यान जालान तर प्रायः आफ्नै दुनियामा व्यस्त हुन्छन् । तर त्यतीबेला नगर प्रहरीले बुढ्यौली हातलाई सहारा दिदै बाटो पार पनि गराइरहेका छन् । तर ति चर्चाका विषय कहिल्यै भएनन् ।

विपद् व्यवस्थापनमा नगर प्रहरी

बुटवलको अस्पताल लाइनदेखि ट्राफिकचोक र अमरपथदेखि हाटबजार लाइनसम्म नगर प्रहरीहरु सेवामा तैनाथ हुनेगरेका छन् । नगर बजारक्षेत्रको सडक छेकेर ठेला गाडी राख्ने, डोको, नाङ्लो पसल राख्ने व्यापारिहरु विरुद्ध उनीहरुका सामान उठाउने र फुटपाथ खाली गर्ने काममा नगर प्रहरी खटिरहेका हुन्छन् । त्यो सँगै पहिरो अति जोखिममा रहेको बुटवलका स्थानीयहरुको उद्धारमा पनि नगर प्रहरी सक्रिय देखिएको छ । वर्षेनी दर्जोनौको संख्यामा बाढी र पहिरोबाट प्रभावित स्थानीयलाई नगर प्रहरीले उद्धारको काम गर्दै आएको छ ।

सडक पेटीमा बल प्रयोग गर्नु रहर होइनः ईन्सपेक्टर पाण्डे

सडकमा रहेका साना व्यपारीहरुलाई जबरजस्ती गरेर हटाउन हाम्रो पनि रहर नभएको बुटवल उपमहानगरपालिकाका प्रहरी निरीक्षक जयश्वर पाण्डेले बताए । पाण्डेले भने, "सडक पेटीमा रहेको व्यापारीहरुका लागि भनेर हामीले माइक मार्फत र विभिन्न माध्यमबाट सूचना जारी गर्छौं तर उहाँहरुले नमानेका कारण हामी सडक पेटीमा अव्यवस्थित रुपले व्यापार गर्नेहरुलाई नियन्त्रणमा लिन बाध्य हुन्छौ । तर हाम्रो कार्यक्षेत्र यतीमा मात्र सिमित छैन् । हामीले बुटवल उपमहानगरभित्र रहेका मठ मन्दिर तथा पाटी सफा गर्ने , उपमहानगर भित्रका चोकमा ट्राफिक प्रहरीलाई सहयोग गर्ने, नदिजन्य पर्दाथको चोरी निकासि हुन नदिन दिन रात निगरानि गर्ने, र राजस्व संकलनमा पनि नगर प्रहरी खटीएका छौ।

बुटवल उपमहानगरपालिकालाई सुरक्षित, र व्यवस्थित बनाउनका लागि खटेका नगर प्रहरीको काममा सहजता ल्याउन हरेक वडामा ठेला दर्ता गर्ने र दर्ता भएका ठेलाको एउटै रङ बनाउने प्रयास भइरहेको बुटवल उपमहानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेले बताए ।

उनले भने, "बुटवलमा सबैभन्दा धेरै समस्या छ, सार्वजनिक सडक क्षेत्रको अतिक्रमण र व्यस्थापन चुनौति पूर्ण रहेको छ । कतिपय अवस्थामाविकास निर्माणका कुनै काम थाल्यो कि अतिक्रमणले समस्या निम्त्याउछ सडक क्षेत्रमा भएका भौतिक पूर्वाधार हटाउने काममा खट्ने पनि नगर प्रहरी नै हुन् । यससँगै मदिराजन्य पदार्थका विज्ञापन, अनधिकृत रुपमा राखिएका होर्डिङ बोर्ड हटाउने, फुटपाथलाई व्यापार निषेधित क्षेत्र बनाउने काममा सक्रिय हुँदा कतिपय अवस्थामा प्रहरीमाथि नै आक्रमण समेत भइरहेका छन् ।

नगर प्रहरी आलोपालोमा शनिबार र बिदाका दिन पनि खटिरहेका छन् । नगरप्रहरी प्रमुख प्रहरी निरीक्षक जागेश्वर पाण्डे नगर प्रहरी बुटवल बासीको हरेक समस्या समाधान गर्ने साथी बनेको बताए । नगर प्रहरीको कामबाट अरू नगरका प्रहरीहरू पनि प्रभावित होऊन् भनेर ट्राफिक व्यवस्थापन, शहरको सौन्दर्य बढाउने, सामाजिक सेवा भावका काम लगायत विभिन्न काम गरेको उनले बताए ।

यसरी सुरु भयो नगरप्रहरीको गठन

बुटवलमा रहेको प्रहरी तालिम केन्द्र मार्फत पहिलो पटक २०७५ भदौमा नगर प्रहरी भर्ना गरी विशेष तालिम सञ्चालन गरेको थियो । स्थानीय सरकारले प्रहरी तालिम केन्द्रमार्फत यसप्रकारको तालिम सञ्चालन गरेको नेपालमै पहिलो रहेको थियो । तत्कालिन लुम्बिनी प्रहरी तालिम केन्द्र बुटवलमा पेशागत, सैद्धान्तिक तथा व्यवहारिक तालिम लिने १६ जना थिए । उनीहरु एक समारोहका बीच प्रहरी तालिम केन्द्रमा दिक्षित समेत भएका थिए । नगर प्रहरीका एक जना प्रहरी सहायक निरीक्षक-१, नगर प्रहरी हवल्दार-३ र नगर प्रहरी जवान १२ जनाले २५ दिनसम्म आवासीय रुपमै विभिन्न तालिम लिएका थिए । उनीहरुलाई नगर प्रहरीहरुलाई प्रमाणपत्र र दर्ज्यानी चिन्ह प्रदान गरिएको थियो ।नगर प्रहरीलाई प्रहरी अनुशासन, सुरक्षाकर्मीको काम कर्तव्य तथा हुनुपर्ने गुणहरु, कार्यालय सुरक्षा विधि, सुरक्षा परिचय प्रकार, महत्व र ध्यान दिनुपर्ने कुराहरु, टेलिफोन हैण्डलिङ तथा आगन्तुक अभिलेख, खतराको परिचय तथा खतराको मूल्यांकनका आधारहरु, तनाव व्यवस्थापन, मेला पर्वको सुरक्षा, जुलुस तथा आमसभाको सुरक्षा व्यवस्थाका बारेमा तालिम दिइएको थियो ।

उनीहरुलाई फुटपाथको व्यवस्थापन, ट्राफिक तथा ई-रिक्साको व्यवस्थापन, हाटबजार व्यवस्थापन, अग्नी नियन्त्रण र सरसफाई तथा फोहर नियन्त्रण व्यवस्थाका बारेमा विशेष तालिम दिइएको थियो ।

जनसम्पर्क तथा सूचना संकलन, प्राथमिक उपचार तथा घाइते उद्धार, बजार अनुगमन तथा व्यवस्थापन, छाडा चौपाया व्यवस्थापन र सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण नियन्त्रणका बारेमा समेत नगर प्रहरीले तालिम लिएका थिए । बुटवल उपमहानगरपालिकाले नगरप्रहरीका लागि बनाएको कार्यविधि २०७६ अनुसार नगर प्रहरीको काम, कर्तव्य नगर प्रहरीको काम कर्तव्य तोकिएको छ ः

नगर प्रहरीको काम कर्तव्य र अधिकार

(क) सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल, व्यवसाय आदिबाट भएको अवरोध तत्काल हटाउन लगाउने। आफै हटाउन नमानेमा हटाई त्यसरी हटाउत्त लागेको खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न शाखामा पेश गर्ने ।

(ख) उप-महानगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समयमा निर्धारित स्थानमा राख्न लगाउने र सो कार्यमा सहयोग नगर्ने व्यक्ति घरधनि वा संघ संस्थालाई कानून बमोजिम कारवाही गर्न पेश गर्ने ।

(ग) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरन्तर अनुगमन गर्ने। कसैले त्यस्तो काम गरेको देखिएमा निर्माण कार्य भए रोक्का गरी निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउन प्रक्रिया अघि बढाउने ।

(घ) उप-महानगर क्षेत्रमा भवन निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नभएको बुझि विना अनुमति भवन निर्माण गरेको पाइए सो को प्रतिवेदन सिधै नक्सापास शाखा प्रमुख समक्ष पेश गर्ने । सो को एक प्रति नगर प्रहरी परिचालन शाखामा समेत दिने ।

(ङ) छाडा पशु व्यवस्थापन गर्ने, गराउने कार्यमा सहयोग गर्ने ।

(च) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ, माछा मासु आदि विक्री वितरण गरेको पाइएमा अनुगमन शाखामा तत्काल जानकारी गराउने ।

(छ) छतको पानी कसैले सडकमा सिधै खसालेको पाइएमा तत्काल बन्द गराउने र त्यस्तो पाइप काटिदिने ।

(ज) खतरा उत्पन्न हुने सडक किनारका रुखहरु नियमानुसारको प्रक्रिया पुर्याई काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित आदेश लिई आदेश बमोजिम गर्ने ।

(झ) बडा कार्यालय टोल विकास समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(ञ) उप-महानगर, समिति, उपसमिति, महाशाखा तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्न सहजिकरण गर्ने ।

(ट) नगरको सुव्यवस्था कायम गर्ने, उप-महानगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेसिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(ठ) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न सम्बन्धित व्यक्तिलाइ अनुरोध गर्ने र सो को जानाकारी राजश्व प्रशासन शाखामा समेत गराउने ।

(ड) बुटवल उप-महानगर क्षेत्रमा नगरको अनुमति विना भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री टाँसेको पाइएमा तत्काल शाखा प्रमुखलाई प्रतिवेदन दिने र प्राप्त निर्देशन बमोजिम उपयुक्त कारवाही गर्ने ।

(ढ) विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा तत्काल शाखा प्रमुखलाई प्रतिवेदन दिने र प्राप्त निर्देशन बमोजिम उपयुक्त कारवाही गर्ने ।

(ण) विपद परेको अवस्थामा उद्धार तथा राहत कार्यमा सहयोग गर्ने । नदीजन्य पदार्थको अनुमति वेगर संकलन उत्खनन गरेको पाइएमा यस्तो कार्यमा संलग्न थालो पक्राउ गरी तथा साधन सहित नगरमा ल्याउने ।

(त) सभा सम्मेलनको व्यवस्थापनमा सहयोग गर्ने ।

(थ) कार्यालय परिसरमा हुने अनावश्यक भिड नियन्त्रण गर्ने ।

(द) ट्राफिक व्यवस्थापन कार्यमा सहयोग गर्ने ।

(ध) वडा कार्यालयहरुबाट नगर प्रहरीको माग भई आएमा सम्बन्धित वडाका वडा अध्यक्षहरु सँग समन्वय गरी परिचालन हुने व्यवस्थापन मिलाउने ।

(न) कार्यालयले तोकेको अन्य काम गर्ने गराउने ।

कुनै पनि विकासको काम स्थानीयको सहकार्य बिना सम्भव छैन त्यस कारणले गर्दा नगर क्षेत्रको विकासका काममा स्थानीयले नगर प्रहरी सँगको सहकार्यमा काम गर्नुपर्ने देखिएको छ ।

जस्का कारणले गर्दा बुटवल उपमहानगरपालिका देशकै नमुना र सुन्दर सहरको रुपमा विकास हुनेछ । शहर सुन्दर आकर्षक र ब्यबस्थित बनाउन नगर प्रहरीको भुमिका महत्वपुर्ण भनाई स्थानिय बुद्धिजिवीहरुको छ । (संचारिका फिचर)

# बढ्दै योग अभ्यास



पाल्पा । तानसेन नगरवासीको शारीरिक, मानसिक तथा आध्यात्मिक रुपमा स्वास्थ्य सुधार गर्ने उद्देश्यले तानसेनमा पाँच दिने स्वास्थ्य योग शिविर संचालन भएको छ । तानसेनमा संचालन भएको योग शिविरले सहभागिहरूमा स्वास्थ्यप्रति सचेतना बढाएको बढेको छ ।

तानसेन नगरपालिका वडा नं २ को आयोजना र पतञ्जली योग समिति पाल्पाको व्यबस्थापन एवं प्राविधिक सहयोगमा भएको शिविर असार ३ गतेदेखि ८ गतेसम्म योग शिविर सञ्चालन भएको हो । शिविरमा तानसेन नगरपालिका वडा नं. २, वडा नं. ३, वडा नं, ४ र वडा नं ६ का ५० जना भन्दा बढी नगरवासीहरु लाभान्वित भएका छन् । योग अभ्यासमा पुरुष भन्दा महिलाको सहभागिता बढी थियो ।

शिविरमा योग प्रशिक्षक पतञ्जली योग समिति पाल्पाका अध्यक्ष सुरेशश्रेष्ठ, महिला अध्यक्ष उषा श्रेष्ठ, उपाध्यक्ष बैजनाथ यादव, तरुण थापा र पद्मा भट्टराई श्रेष्ठ लगायतले योगासन, प्राणायाम, ध्यान, सूर्य नमस्कार, आसन र योगनिद्रा लगायतका विभिन्न किसिमका योग अभ्यास गराएका थिए । शिविर प्रत्येक बिहान ५ बजेदेखि ७ बजेसम्म सञ्चालन हुँदै आएको थियो ।

कार्यक्रममा वडा नं. २ का वडा अध्यक्ष महेश्वर श्रेष्ठले नियमित योग अभ्यासले उच्च रक्तचाप, मधुमेह, तनाव, मोटोपन, अनिद्रा लगायतका रोगहरूको निवारण गर्न सहयोग पुग्ने बताए । योग केवल शारीरिक व्यायाम होइन, यो जीवन पद्धतिको एक अनुसासित अभ्यास भएकोले सबै नगरवासीहरु नियमित योग अभ्यासमा सहभागी हुन वडा अध्यक्ष श्रेष्ठले जोड दिए ।

तानसेन नगरपालिकाका बरिष्ट कार्यक्रम अधिकृत भरत आचार्यले योग अभ्यासबाट नगरवासीको जीवनस्तर सुधारमा सहयोग पुगेको बताए । कार्यक्रममा तानसेन नगरपालिका कार्यपालिका सदस्य सविता भट्टराईले निरन्तरको योग अभ्यास बाट मानिसमा भएको रोग निको हुने शरिर, मन र मस्तिष्कलाई स्वस्थ्य बनाउने बताईन । कार्यक्रममा नारायण युवा क्लवका अध्यक्ष प्रविनराज शाक्यले योग अभ्यास कार्यक्रमलाई नगर भित्र नियमित रुपमा संचालन गर्न सकेमा धेरै मानिसहरुको स्वास्थ्यमा सुधार हुने बताए ।

पतञ्जली योग समिती पाल्पाले नियमित रुपमा शाही मन्दिर विशाल बजारमा विहान ५ बजे देखी ७ बजे सम्म निशुल्क रुपमा योगअभ्यास गराउदै आएको छ । शिविरमा छुटेका व्यक्तिहरुलाई विशालबजारको नियमित कार्यक्रममा सहभागी हुन सकेत समितीले नगरवासीहरुमा अनुरोध गरेको छ ।

# जनसंघर्ष ३६औं वर्षमा प्रवेश

विश्व शान्ति र समृद्धिको संवाहक
**जनसंघर्ष**
राष्ट्रिय साप्ताहिक

बुटवल,९ असार । पत्रकारितामा मोफसलको राजधानीका रुपमा सुपरिचित हुँदै विगत ३५ वर्षदेखि बुटवलबाट नियमित प्रकाशित पहिला दैनिक हाल साप्ताहिक रुपमा प्रकाशित जनसंघर्ष पत्रिका आजदेखि ३५ औं वर्ष पूरा गरी सगौरव ३६ औं वर्षमा प्रवेश गरेको छ ।

विं.सं.२०४७ साल जेठ ३० गते जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा विधिवतरुपमा दर्ता भई २०४७ साल असार ९ गतेदेखि पहिलो अंक प्रकाशित गर्दै जनसंघर्षले आफ्नो प्रकाशन यात्रा सुरु गरेको हो ।

मोफसलको पत्रकारितामा विशिष्ट स्थान बनाउन सफल जनसंघर्ष पत्रिका स्थापनाकालदेखि हालसम्म आम पाठक र विज्ञापनदाताहरुको रोजाईको पत्रिका बनेको छ । यो पत्रिकामा प्रकाशित हुँदैआएका समाचार,लेख, रचना तथा प्रकाशित विचारहरुले लोकतन्त्र तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र संस्थागत विकासमा विशेष योगदान पुर्‍याउँदै आएको छ । यो पत्रिकामा रिर्पोटिङ तथा सम्पादनमा कार्यरत पत्रकारहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गरेका छन् । साथै प्रशासनिक तथा न्यायिक क्षेत्रमा समेत यस संस्थामा कार्यरत सञ्चारकर्मीहरुले राम्रो स्थान प्राप्त गर्न सफल भएका छन् । ३५ वर्षसम्म अनवरत रुपमा प्रकाशित यो पत्रिका नेपाली पत्रकारिता जगतको आफैमा ऐतिहासिक दस्तावेज हो ।

जनसंघर्षमा छापिएका सूचना, समाचा र विचारको अध्ययन अनुसन्धान एवं सप्लेशण गरी अभिलेखिकृत गर्ने हो भने ऐतिहासिक दस्तावेजको रुपमा रहनेछ । यो पत्रिकाको अंक १ देखि ३५वर्षसम्मका सबै प्रकाशित प्रतिहरु हाम्रो कार्यालयमा अभिलेखको रुपमा सुरक्षित रहेका छन् ।

यसको अध्ययन अनुसन्धान गर्न चाहने पाठक, विद्यार्थी, अनुसन्धानकर्ता सबैका लागि हामी उपलब्ध गराउन सक्छौं ।

परिवर्तित सन्दर्भमा यो पत्रिका अरु स्तरीय हुँदै अगाडि बढ्नेछ र नेपाली समाजलाई जनसंघर्षले सभ्य, सुसंस्कृत बनाउँदै अगाडि बढ्नमा निरन्तर योगदान दिईरहनेछ ।

जनसंघर्षका संस्थापक डा. बालकृष्ण चापागाईंले भनेका छन्, - " जनसंघर्ष प्रजातन्त्रको उपज हो । लोकतन्त्रको पहरेदार हो । संघीय लोकतान्त्रिक गणतन्त्रको आधार स्तम्भ हो । नेपाल राष्ट्र , राष्ट्रियता र जनअधिकारको सम्बर्द्धन र संरक्षण गर्नमा जनसंघर्ष सदैव प्रतिबद्ध रही अगाडि बढ्नेछ । "

डा. चापागाईंले जनसंघर्षको ३६ औं वर्ष प्रवेशका अवसरमा संस्थालाई यहाँसम्म ल्याउन हरेक क्षेत्रबाट प्रत्यक्ष एवं अप्रत्यक्षरुपमा सहयोग गर्ने पाठक, विज्ञापनदाता, पत्रकार, कर्मचारी, शुभेच्छुकलगायत समस्त महानुभावहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गरेका छन् ।


## सिटी एक्सप्रेस बचत तथा ऋण सहकारी संस्था लि.

प्रधान कार्यालय, काठमाण्डौं

### गैह वैकिङ्ग सम्पति शिलवन्दी वोलकवोल मार्फत लिलामी विक्रीको १५ दिने सुचना

प्रकाशित मिति २०८२।०३।१०

यस सहकारी संस्थाको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैह वैकिङ्ग अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलवन्दी वोलकवोलद्धारा लिलाम बिक्री गरिने हुँदा सुचना प्रकाशित भएको मितीले १५ दिनभित्र कार्यालय समयमा शिलवन्दी वोलपत्र पेश गर्नुहुन सम्पूर्ण ईच्छुक महानुभाव तथा संघ संस्थालाई गोप्य शिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै अन्य शर्तहरु बोलकबोल फाराममा उल्लेख भए बमोजिम एवंम् यस संस्थाको सम्पत्ती लिलामी कार्यविधि अनुसार हुनेछ ।

**सम्पत्तीको विवरण (जग्गाधनी): सिटी एक्सप्रेस वचत तथा ऋण सहकारी संस्था ली**

| जिल्ला | न.पा/ गा.पा. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| नवलपरासी | साविक माकर १ घ हाल वर्दघाट न.पा. १ | ५३७ | ०-८-५-० |
| नवलपरासी | साविक कुडीया ८ घ हाल सुस्ता गा.पा २ | १४७ | ०-०-१२-०.५० |
| नवलपरासी | साविक कुडीया ९ क हाल विनयत्रिवेणी गा.पा. ७ | ४४२ | ०-०-११-० |
| नवलपरासी | साविक कुडीया ९ क हाल विनयत्रिवेणी गा.पा. ७ | ४५७ | ०-०-६-० |

थप जानकारीका लागी संस्थाको केन्द्रिय कार्यालय वा सेवा केन्द्र कार्यालय ट्राफीक चोक, बुटवलमा सम्पर्क गर्न सक्नुहुनेछ । सम्पर्क नं. ०७१-५३०९९९



## सडक डिभिजनको अनुरोध

- बर्खायाम सुरु भैरहेकोले यात्रा गर्दा सतर्क बनौं, पहिरो र बाढीको जोखिमबाट बचौं ।
- निर्माणधिन सडकमा संकेत पालना गरौं , दुर्घटना हुनबाट जोगिऔं/जोगाऔं ।
- ओभरलोड नबोकौं, सडक र सवारी जोगाऔं ।
- सवारी साधन चलाउदा मादक पदार्थ सेवन नगरौं ।
- सडकमा पानी जमेको ठाउँ पार गर्दा गति घटाऔं, सवारी र जीवन दुबै जोगाऔं ।
- बर्खामा सडक भाँसिने सम्भावना बढी हुन्छ, ट्राफिक चिन्ह र चेतावनी पालना गरौं ।
- ड्रेनज खुला राखौं, वर्षाको पानी सडकमा जम्न नदिऔं ।
- बर्षायाममा सडक निर्माण वा मर्मत भइरहेमा धैर्य र सहकार्य गरौं ।
- बाढी आएको सडक पार गर्न नखोजौं - गहिराइ अनुमानभन्दा गम्भीर हुन सक्छ ।
- गाडी र मोटरसाइकलको ब्रेक, टायर र लाइट पहिले जाँचौं, पछि पछुताउनु नपरोस् ।
- जहाँ पहिरोको सम्भावना छ, त्यहाँ बिना जरूरत नजाऔं ।
- सडक समस्या देख्ना साथ नजिकको सडक डिभिजन कार्यालयलाई जानकारी गराऔं
- तपाईंको सूचना, हामी सबैको सुरक्षा ।

अनुरोधक
**शिवपुर सडक डिभिजन कार्यालय**
कपिलवस्तु, शिवपुर



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# स्पेलिङ बि प्रतियोगिता विजेता विद्यार्थी सम्मानित




सुनवल । नवलपरासी जिल्लाको सुनवल नगरपालिका वडा नं. ४ स्थित सुनवल युनाइटेड अंग्रेजी आवासीय मा.वि ले जिसन नवलपरासीको आयोजनामा भएको जिल्ला स्तरीय स्पेलिङ्ग बि प्रतियोगितामा प्रथम हुन सफल विद्यार्थीहरुलाईसम्मान गरेको छ। यही असार ६ गते पश्चिम नवलपरासीको बर्दघाटमा २९ वटा विद्यालयहरुको सहभागितामा भएको स्पेलिङ्ग बि प्रतियोगितामा सुनवल युनाइटेडका विद्यार्थी मान्भी न्यौपाने, सुप्रिम चापागाई र हिमान्सु अर्यालको टोली प्रथम स्थान हासिल गर्न सफल भएको थियो।

प्रथम स्थान हासिल गरेका विद्यार्थीहरुलाई विद्यालयमा आयोजित एक कार्यक्रमका प्रधानाध्यापक धनराज चापागाईले खादा र माला लगाएर सम्मान गरेका हुन्। सुनवल युनाइटेड स्कूलले गत बर्ष पनि प्याब्सन र जिसन संस्थाले आयोजना गरेका जिल्ला स्तरीय स्पेलिङ्ग बि मा पनि प्रथम स्थान हासिल गर्न सफल भएको प्राचार्य चापागाईले स्मरण गराए।

विद्यार्थीहरुको क्षमता, रुचि र उत्सुकतालाई मापन गर्दै उनीहरुलाई विभिन्न अतिरिक्त क्रियाकलापहरुमा प्रशिक्षण दिदै विद्यालयले हरेक क्षेत्रमा विद्यार्थीहरुलाई सहभागी गराउँदै अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेश जिल्ला, नगर स्तरका विभिन्न प्रतियोगिताहरुमा अग्र स्थानमा

# बालमन्दिर जग्गा प्रकरणका प्रतिवादी रिहा

बुटवल । बाल मन्दिर नक्सालको जग्गा हिनामिना प्रकरणका एक प्रतिवादी धरौटीमा रिहा भएका छन्। जिल्ला अदालत काठमाडौंका न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले सोमबार तत्कालीन महासचिव गणेशभक्त श्रेष्ठलाई ५ लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको हो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को अनुसन्धानपछि गएको वैशाख २४ गते १७ जनालाई प्रतिवादी बनाउँदै मुद्दा दर्ता भएको थियो।

ती मध्ये श्रेष्ठ सोमबार अदालतमा हाजीर भएका थिए।२०८१ वैशाख २६ गते बाल मन्दिरका केन्द्रीय सदस्य मोहनप्रसाद भट्टराईले प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)मा जाहेरी दिएका थिए। सीआईबीले एक वर्षमा अनुसन्धान सकेर प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको थियो। तर सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने रायसहित अगाडि बढाएको फाइल महान्यायाधिवक्ताको कार्यालयबाट बदर गर्दै मुद्दा चलाउने निर्णय भएको थियो।

बाल मन्दिरको जग्गा भाडामा दिँदा बाल मन्दिर र बृहस्पति विद्या सदन स्कुल, बृहस्पति विद्या सदन स्कुल र राई स्कुलबीच भएको सम्झौता गर्दा संस्थालाई हानि नोक्सानी पुऱ्याएको अभियोग छ। अनाथ बालबालिकाको हितका लागि सरकारले भोगाधिकारसम्मको लागि प्रदान गरेको जग्गालाई व्यक्तिगत निजी सरह विनाप्रतिस्पर्धा पूर्वाधार निर्माणमा निजी लगानी सम्बन्धी ऐन, २०६४ समेतका तत्काल प्रचलित कानुनको प्रतिकुल हुने गरी वर्षौंसम्मको लागि सम्झौता गरी दिएको अभियोग छ।

एकपटकको सम्झौताको म्याद वर्षौं रहँदै पुनः अर्को सम्झौता गरी अघिल्लो सम्झौताको म्याद सकिएपछि मात्र गणना हुने गरी मात्र वर्षौ वर्षका लागि म्याद थप गरी अनाथ बालबालिकाको हितको लागि स्थापना गरिएको पवित्र संस्था र अनाथ बालबालिकालाई मिलेमतोमा नियोजित रूपले ठगी गरेको अभियोग छ।

२०२१ सालमा स्थापना भएको बाल संगठनलाई तत्कालीन सरकारले काठमाडौंको नक्सालमा रहेको १०२ रोपनी जग्गा र सीता महल समेत नेपाल बाल संगठन सञ्चालनको लागि प्रदान गरेको थियो।

सोही जग्गामध्येको २९ रोपनी जग्गा बाल संगठनले पटक–पटक बृहस्पति स्कुललाई भाडामा दिएको र भाडामा दिँदा कुनै पनि ठेक्का नगराई एकलौटी रूपमा सम्झौता गरेको आरोप छ। २०५९ सालमा भाडा सम्झौता हुँदा ३० वर्षको लागि सम्झौता गरेकोमा उक्त अवधि पूरा नहुँदै २०७२ जेठ २१ गते नेपाल बाल संगठनकी अध्यक्ष रीता सिंह वैद्य र बृहस्पति विद्यालय व्यवस्थापन प्रालिका सञ्चालक पुरुषोत्तमराज जोशी लगायतका व्यक्तिहरूको मिलेमतोमा नयाँ सम्झौता गरेको अनुसन्धानको निष्कर्ष छ।

तर त्यतिबेला पहिलेको अवधि सकिएपछि थप ४३ वर्षको लागि सम्झौता गरिएको थियो। भाडामा जग्गा दिँदा बैंकमा धितोको रूपमा समेत राख्न पाउने गरी दिइएको थियो। सोही जग्गा बैंकमा धितो राखेर ३० करोडभन्दा बढी ऋण लिएको, भाडामा लिएको जग्गा पुनः राई स्कुललाई भाडामा दिएर बृहस्पति विद्यालयले आम्दानी गरेको अनुसन्धानको निष्कर्ष छ।

बालमन्दिरले बृहस्पतिलाई दिएको जग्गा नाफा खाएर बृहस्पतिले फेरि राई स्कुललाई दिएको थियो। बालमन्दिरको जग्गा हिनामिना प्रकरणमा उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहकी दिदी रीता सिंहसहितलाई प्रतिवादी बनाइएको छ। सिंह विद्यालयसँग सम्झौता गर्दा बालमन्दिरको अध्यक्ष थिइन्। उनैले बृहस्पति विद्यालयसँग सम्झौता गरेकी थिइन्।

प्रतिवादी बनाइएकामा अरु संस्थाका उपाध्यक्ष, महासचिव र सदस्यहरू छन्। बाँकी विद्यालयका सञ्चालकहरू हुन्। प्रतिवादी बनाइएका १७ जनामध्ये १५ जनासँग भने सीआईबीले बयान लिएको थियो।तत्कालीन उपाध्यक्ष तुलसीनारायण श्रेष्ठ, तत्कालीन महासचिव गणेशभक्त श्रेष्ठ, तत्कालीन सदस्य एंव स्रोत तथा परिचालन उपसमितिका संयोजक कृष्णशंकर साह, बाल संगठनका तत्कालीन अख्तियारप्राप्त महासचिवद्वय श्यामकुमार आले र सुवासकुमार पोखरेललाई पनि प्रतिवादी बनाइएको छ।

यस्तै बाल संगठनकै तत्कालीन महासचिव रामकाजी गुरुङ, तत्कालीन उपाध्यक्ष योगेन्द्रबहादुर शाही, उपकोषाध्यक्ष दीपकदास श्रेष्ठ, बृहस्पति विद्यालय व्यवस्थापन प्रालिका सञ्चालक प्रविणराज जोशी, सोही विद्यालयका तत्कालीन सञ्चालक मुरारीनिधि तिवारी, विद्यालय व्यवस्थापन प्रालिका अध्यक्ष पुरुषोत्तमराज जोशी, सञ्चालक श्रद्धा संघाई, सञ्चालक अभिनव सिंघानिया, सिद्धार्थ केडिया र कीर्तिप्रसाद पाण्डेयविरुद्ध पनि मुद्दा दर्ता भएको हो।

ठगीको कसुरमा संलग्न देखिएका बृहस्पति विद्यालयका तत्कालीन अध्यक्ष चिरञ्जिवी तिवारी, बाल संगठनका तत्कालीन कोषाध्यक्ष मनोहरगोपाल श्रेष्ठ र बाल संगठनकै उपमहासचिव सुमन शाक्यको मृत्यु भइसकेकाले उनीहरूलाई मुद्दा नचलाउने निर्णय भएको छ।

कौडीको भाउमा विनाप्रतिस्पर्धा जग्गा भाडामा दिएर नेपाल बाल संगठनलाई ६० करोड ३९ लाख ७७ हजार २३१ रूपैयाँ ५ पैसा नोक्सानी पुऱ्याएको आरोप छ। सोही बराबर बिगो कायम गरिएको छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ मा ठगी सम्बन्धी कानुनी व्यवस्था छ। यो व्यवस्था अनुसार यो मुद्दाका प्रतिवादीहरूलाई ७ वर्षसम्म कैद र ७० हजार रूपैयाँसम्म जरिवाना पनि माग गरिएको छ। प्रतिवादीहरूलाई बिगो समेत भराउनु पर्नेछ।

# घरेलु श्रमिकका पिडैपीडा

बुटवल । अरुको घरमा गएर काम नगरु त के गरुँ खाना लगाउनका लागि पैसा चाहिँदो रहेछ.अन्य कुनै सीप पनि छैन पारिश्रमिक छैन हाम्रो व्यक्तिगत जीवन पनि के हो बुझ्न सकिएको छैन यो भनाइ हो बर्दियाकी गीता कुमालको।

घरमा काम गर्नुपर्छ. आफैमा पीडा छ तर काम गरे अनुसारको पारिश्रमिक पनि पाइँदैन.न त कुनै निश्चित समय नै हुन्छ.दुःख त धेरै छन कहाँ गएर पोखुँ कुमालले भन्नुभयो।

गीता जस्तै नसिमा खातुन निशा बुढा लगायतकाको दुखेसो पनि उस्तै थियो उनीहरुले यो दुखेसो पोखेका हुन् महिला पुनर्स्थापना केन्द्र ओरेकले .बुटवलमा सम्पन्न गरेको नेपालमा घरेलु श्रमिकहरूको अवस्था र श्रम अधिकारको सुनिश्चितता विषयक लुम्बिनी प्रदेशस्तरीय कार्यशालामा।

सम्मानित काम, उचित पारिश्रमिक र हिंसा रहित जीवनयापन गर्न पाउनु प्रत्येक व्यक्तिको मानव अधिकार हो ; रूपान्तरण तब सम्भव छ जब सबै नागरिकले न्यायपुर्ण समाजमा सुरक्षित, मर्यादित र सम्मानित जीवनज्ञापन गरेको अनुभूति गर्छन भन्ने हिसावले कार्यशाला आयोजना गरिएको थियो।

हरेक व्यक्तिले मर्यादित श्रम गर्न सक्ने वातावरण नहुन्जेलसम्म समाज समृद्ध नहुन ओरेक नेपालका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीले बताउनुभयो।

कार्यशालाको उद्देश्यको बारेमा जानकारी दिँदै नेपाल पुनर्स्थापना केन्द्र ओरेकका कार्यक्रम संयोजक कमला पोखरेलले अहिलेको परिवेशमा घरेलु श्रमिकहरुलाई हेर्ने कानुनी संरचना र घरेलु श्रमिकहरूको अवस्था अत्यन्त दयनीय अवस्थामा रहेकाले पनि यो अवस्थाको अन्त्य गर्नका लागि कार्यक्रम आयोजना गरिएको.बताउनुभएको छ।

समाजवाद उन्मुख अर्थव्यवस्था तयार पार्नका लागि पनि घरेलु कामदारहरुको अवस्था के छ भनेर राज्यले बुझ्न र त्यही अनुसारको नीतिगत व्यवस्था गर्नका लागि र सामाजिक न्यायको मुद्दा पनि भएकाले राज्यलाई दवाब दिने हिसावले कार्यशाला आयोजना गरिएको थियो।

कार्यक्रममा लुम्बिनी प्रदेशका सांसद जानकी न्यौपाने , इन्दिरा गहतराज भगवती घिमिरे ,पूर्व सांसद रमा पराजुली लगायतले आफूहरुले यो विषयमा.सांसदमा कुरा नउठाएको स्वीकार गर्दै अबका संसद्का बैठकहरुमा घरेलु कामदारका विषयलाई मुख्य प्राथमिकता दिएर उठाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

त्यस्तै सुनवल नगरपालिकाका प्रमुख बिमला अर्यालले घरेलु श्रमिकका बारेमा दृष्टिमा सकारात्मक परिवर्तन ल्याउन आवश्यक भएको र आफूले त्यही अनुसार गृहकार्य गर्न सुरु गरेको समेत बताउनुभएको छ।

सिद्धार्थ नगरपालिकाका उपप्रमुख उमा अधिकारीले घरेलु श्रमिकहरुको तथ्यांक के छ.? उनीहरुलाई के सीपको आवश्यकता परेको छ भन्ने खालका विषयहरूलाई मानवीय संसाधनको विकास गर्ने.त्यसै अनुसार नै अगाडि बढ्ने बताउनुभयो।

कार्यक्रममा मानव अधिकार आयोग लुम्बिनी प्रदेशका संयोजक हरिप्रसाद घिमिरे, तुलसीपुर नगरपालिका न्यायिक समिति सदस्य लालमनी भण्डारी , जिल्ला समन्वय समिति अर्घाखाँचीका पुर्व अध्यक्ष ऋषी पुलामी, लुम्बिनी प्रदेश शिक्षा परिषदका संयोजक दलबहादुर गुरुङ , इस्मा गाउँपालिकाका पूर्व जनप्रतिनिधि विमला केसी ,नेपाल बार एसोसिएसन.कि केन्द्रीय सदस्य अधिवक्ता इन्दिरा आचार्य , बुटवल उपमहानगरपालिका का.रोजगार शाखा प्रमुख.अरविन्द्र पाण्डेय लगाएतलेबोल्दनेपालमालागूगरिएको श्रम ऐनले घरेलु श्रमिकको न्युनतम पारिश्रमिकको घोषणा नगरेको.तथा नीति निर्माणमा अस्पष्टता.भएकाले समस्या भएको बताउनुभएको छ।

कार्यक्रमको सञ्चालन अधिकारकर्मी इन्दिरा अर्यालले गर्नु भएको थियो। मिडिया पार्टनरको रुपमा रेडियो मुक्ति बुटवलले सहकार्य गरेको थियो।

५० भन्दा बढी महिला अधिकारकर्मी, महिला मानव अधिकार रक्षकहरु, विभिन्न राजनैतिक दलका महिला राजनीतिज्ञ, महिला श्रमिकहरु, पत्रकारहरुको उपस्थिति रहेका थियो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# मालारानी गाउँपालिकाको ६२ करोड बढीको बजेट सार्वजनिक

**अविजित पन्थी**

*अर्घाखाँची।*

मालारानी गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि ६२ करोड ९२ लाख ५१ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ। उक्त बजेट गाउँपालिकाको गाउँसभामा उपाध्यक्ष दीपा पोखरेलद्वारा प्रस्तुत गरिएको हो। बजेटमा चालु खर्चतर्फ ४५ करोड ७१ लाख २९ हजार रुपैयाँ र पुँजीगत खर्चतर्फ १७ करोड २१ लाख २२ हजार रुपैयाँ विनियोजन गरिएको छ। 'कृषि, पर्यटन र सहकारीः समृद्ध मालारानी' भन्ने मूल नारासहित बजेट दीर्घकालीन सोचमा आधारित रहेको बताइएको छ।

यस वर्षको बजेटले स्थानीय विकासको चौतर्फी पहललाई प्राथमिकता दिएको छ। गाउँपालिकाले कृषि, पशुपालन, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार, वातावरण, सूचना प्रविधि, सुशासन र सामाजिक समावेशीकरणलाई विशेष जोड दिएको छ। समग्र योजना मार्फत समावेशी, सशक्त र आत्मनिर्भर गाउँपालिका निर्माण गर्ने लक्ष्य लिएको उल्लेख छ। आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि तथा पशुपालनलाई बलियो बनाउने उद्देश्यले १ करोड ७९ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको छ। बजेट अनुसार व्यावसायिक कृषकहरूलाई ७० प्रतिशत लागत साझेदारीमा अनुदान दिइने भएको छ। बाख्रा, गाई, भैसी, बोका वितरण, बीउ पाठी प्रवर्द्धन, आलु पकेट कार्यक्रम, हाते ट्र्याक्टर, मिनी मिल, भेटेरिनरी सेवा सबलीकरण, सिँचाइका लागि पाइप वितरण जस्ता कार्यक्रम सञ्चालन गर्ने तथा पर्यटन प्रवर्द्धनका लागि गाइड तालिम, टुरिस्ट म्याप निर्माण, भगवती मन्दिरको विकास तथा सन्तुला फल खेती जस्ता कार्यक्रम बजेटमा समावेश छन्।

सामाजिक विकास कार्यका लागि ७ करोड ३७ लाख ५१ हजार रुपैयाँ छुट्याइएको छ। स्वास्थ्य क्षेत्रमा दीर्घरोगीलाई निःशुल्क औषधि, मातृ तथा नवजात कार्यक्रम, ल्याब सेवा विस्तार, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन, औषधि आपूर्ति, क्षयरोग न्यूनीकरण, एचआईभी संक्रमितका लागि सहयोग लगायत कार्यक्रम छन्। साथै, रक्त सञ्चार, गर्भपतन सेवा, क्याल्सियम चक्की वितरण, ल्याब मर्मत, शौचालय तथा खानेपानीको पहुँच विस्तार पनि समेटिएको छ।

शिक्षामा गुणस्तरीय सुधारका लागि विद्यालय पाठ्यक्रम विकास, परीक्षा व्यवस्थापन, छात्रवृत्ति, पोषणयुक्त खाजा, विज्ञान तथा प्राविधिक धार सञ्चालन, शिक्षक व्यवस्थापन र भौतिक पूर्वाधार विकासमा ध्यान दिइने भएको छ। 'हाम्रो मालारानी' नामक स्थानीय पाठ्यक्रम सञ्चालन, शिक्षक तालिम, शैक्षिक अनुगमन र मूल्याङ्कन सशक्तिकरणका लागि पनि बजेट विनियोजन गरिएको छ। यसअन्तर्गत खेलकुद कार्यक्रमहरू पनि समावेश गरिएका छन्।

पूर्वाधार विकासका लागि ६ करोड ३० लाख रुपैयाँ विनियोजन गरिएको छ। मोटरबाटो स्तरोन्नति, विद्यालय भवन निर्माण, झोलुङ्गे पुल, टोल विकास संस्था सक्रियता तथा सिमेन्ट पाता वितरणजस्ता कार्यक्रमहरू समावेश छन्। संघ र प्रदेश सरकारसँग साझेदारीमा बृहत् पूर्वाधार निर्माण गर्न लागत बाँडफाँडको अवधारणामा योजना अघि बढाइने जनाइएको छ।

वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ५८ लाख रुपैयाँ छुट्याइएको छ। वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, पहिरो नियन्त्रण, सडक सुरक्षा, विपद् जोखिम न्यूनीकरण र वातावरणमैत्री पहलहरू सञ्चालन गरिने भएको छ। जलवायु परिवर्तनप्रति संवेदनशील योजनाहरूलाई प्राथमिकतामा राखिएको छ।

संस्थागत विकास तथा सुशासन प्रवर्द्धनतर्फ ८ करोड ५२ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको छ। यसभित्र सूचना प्रविधि प्रवर्द्धनका कार्यक्रम पनि समावेश छन्। इन्टरनेट पहुँच विस्तार, डिजिटल सूचना डिस्प्ले बोर्ड, सार्वजनिक सुनुवाइ, एकीकृत घुम्ती शिविर, कर्मचारी क्षमता अभिवृद्धि, सशक्तीकरण तथा प्रविधिमैत्री सेवा संरचना निर्माणका कार्यक्रम समावेश गरिएका छन्।

९ वटै वडाका लागि वडा स्तरीय कार्यक्रम अन्तर्गत १ करोड ५७ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको छ। प्रत्येक वडाको आवश्यकता र प्राथमिकता अनुसार मागमा आधारित योजना छनोट, कार्यान्वयन र अनुगमन गरिने भएको छ स्थानीयस्तरमै योजना कार्यान्वयनमा जनसहभागिता बढाइने जनाइएको छ।

सामाजिक समावेशीकरण अन्तर्गत महिला, दलित, अपांगता भएका व्यक्ति, वृद्धवृद्धा, बालबालिका, भूमिहीन, सुकुम्बासी र सीमान्तकृत समुदायका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन्। उपाध्यक्ष साहारा योजना, विचल्लीमा परेका नागरिक सहयोग कार्यक्रम, परम्परागत संस्कृति संरक्षण, चाडपर्व र सांस्कृतिक सम्पदाको प्रवर्द्धन पनि बजेटमा समेटिएको छ।

गाउँपालिकाको आम्दानी समानीकरण अनुदान, राजस्व बाँडफाँड, सशर्त तथा विशेष अनुदान र आन्तरिक स्रोतबाट जुटाइनेछ। समानीकरण अनुदान अन्तर्गत ११ करोड ३६ लाख ७२ हजार, राजस्व बाँडफाँडबाट ९ करोड ९७ लाख १६ हजार, सशर्त अनुदानबाट ३५ करोड ५१ लाख, विशेष अनुदानबाट ८७ लाख र आन्तरिक आम्दानीबाट ३ करोड २३ लाख ६२ हजार ८ सय ५ रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

गएको वर्षको तुलनामा यो बजेट व्यावहारिक र सन्तुलित रहेको उल्लेख गरिएको छ। चालु आर्थिक वर्ष २०८१/८२ मा ७२.३२ प्रतिशत बजेट खर्च भइसकेको, आन्तरिक राजस्व लक्ष्यभन्दा १२ लाख बढी संकलन भएको, ८८७२ जना दीर्घरोगीलाई निःशुल्क औषधि वितरण गरिएको र समावेशी विकास सूचकांकमा उल्लेखनीय प्रगति हासिल गरिएको गाउँपालिकाले जनाएको छ।

यद्यपि, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा कटौती, आन्तरिक आयको सीमितता, कानुनी जटिलता र योजना कार्यान्वयनमा दोहोरोपनाका चुनौती अझै रहेका छन्। ती चुनौतीहरूलाई समाधान गर्दै स्रोतसाधनको न्यायोचित उपयोग, पारदर्शिता र उत्तरदायित्वका साथ समृद्ध मालारानी निर्माण गर्ने प्रतिबद्धता गाउँपालिकाले व्यक्त गरेको छ।

बजेट सार्वजनिक गर्दै उपाध्यक्ष दीपा पोखरेलले समृद्ध, समावेशी र सुशासित मालारानी निर्माण गर्ने लक्ष्यका साथ बजेट विनियोजन गरिएको बताउनुभयो। उहाँले स्रोतको सीमितता हुँदाहुँदै पनि आवश्यकता, प्राथमिकता र सहभागितालाई आधार मानेर बजेट निर्माण गरिएको स्पष्ट पार्नुभयो।

गाउँपालिका अध्यक्ष दलबहादुर भट्टराईले यो बजेट नागरिकलाई गुणस्तरीय सेवा, सीपयुक्त शिक्षा र आत्मनिर्भर अर्थतन्त्र निर्माणतर्फ मार्गदर्शक बन्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले नीति, योजना र कार्यान्वयनमा सामूहिक प्रयास आवश्यक रहेको उल्लेख गर्नुभयो।

प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराईले बजेट कार्यान्वयनमा छरितोपन, पारदर्शिता र प्रविधिमैत्रिता कायम राख्दै पञ्चवर्षीय योजना तथा मध्यमकालीन खर्च संरचनालाई आधार मानेर दीगो विकासको दिशामा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# निजी वन फैलाउन स्थानीय सरकारको सहयोग जरुरी

पाल्पा । पारिवारीक निजी बन संघ नेपालका केन्द्रीय अध्यक्ष जोगराज गिरीले सरकारले आफ्ना नीति तथा कार्यक्रमहरुमा पारिवारिक निजी बन लाई समेटेर लैजानु पर्नेमा जोड दिएका छन्।

पारिवारिक निजी वन संघ पाल्पा शाखाको आयोजनामा जलवायु उत्थानशीलताको लागि तीन दिने क्षमता अभिवृद्धि कार्यशाला गोष्ठीलाई सम्वोधन गर्दै केन्द्रीय अध्यक्ष गिरीले अहिले देशभरीका पालिकाहरुले बजेट बनाइरहेको समयमा निजी वन समेट्ने कार्यक्रमलाई समुदायमा फाइदा पुऱ्याउन स्थानीय सरकारलाई आग्रह गरे। कार्यक्रममा पारिवारिक निजी वनका संस्थापक पाल्पा अध्यक्ष एकप्रसाद भण्डारीले आफूहरुले पारिवारिक निजी वन बनाउन जिल्लामा खेलेको भूमिकाको बारेमा चर्चा गर्दै मानिसहरुलाई वनको बारेमा बुझाउँदा थुप्रै चुनौतीहरुको सामना गर्नुपरेको बताए।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ(फेकोफन) लुम्विनी प्रदेश अध्यक्ष कल्पना भण्डारीले सामुदायिक वन महासंघ र निजी वनले किसानको आयआर्जनको लागि काम गरिरहेको बताइन।

सामुदायिक वन उपभोक्ता महासंघकी तानसेन नगर अध्यक्ष भवानी गौतमले तानसेनमा पहिलेको तुलनामा सामुदायिक वनको राम्रो सँग विस्तार भैरहेको र आउँदा दिनमा योजना बनाएर अघि बढ्ने बताइन्।

कार्यक्रममा प्रशिक्षक सुवासचन्द्र देवकोटाले सामुदायिक वन र पारिवारिक वनको फरक,वर्तमान अवस्थामा जलवायू परिवर्तनले पारेको असर,नेपालमा वनको अवस्थाको वारेमा प्रशिक्षण दिएका थिए। तालिममा पाल्पा जिल्लाका १० वटै स्थानीय तहका वन सम्वन्धी सरोकारवालाहरुको ३३ जनाको सहभागिता रहेको छ। पारिवारिक निजी वन संघ पाल्पाका अध्यक्ष प्रेम घिमिरेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सदस्य यादवराज शर्माले गरेका थिए।

यातायात व्यवस्था सेवा कार्यालय भैरहवाको अनुरोध
- समयमै कर तिरौं।
- जरिवानाबाट बचौं।
- समयमै सवारीसाधनको कर तिर्ने बानी बसालौं, जरिवानाबाट बचाऔं।
- बर्खायाम सुरु भैरहेकोले यात्रा गर्दा सतर्क बनौं, पहिरो र बाढीको जोखिमबाट बचौं।
- निर्माणधिन सडकमा संकेत पालना गरौं , दुर्घटना हुनबाट जोगिऔं।
- ओभरलोड नगरौं, सडक र सवारी दिबै जोगाऔं।
- सवारी साधन चलाउदा मादक पदार्थ सेवन नगरौं।
- सडकमा पानी जमेको ठाउँ पार गर्दा गति घटाऔं, सवारी र जीवन दुबै जोगाऔं।
- बर्खामा सडक भासिने सम्भावना बढी हुन्छ - चिन्ह र चेतावनी पालना गरौं।
- बाढी आएको सडक पार गर्न नखोजौं - गहिराइ अनुमानभन्दा गम्भीर हुन सक्छ।
- गाडी र मोटरसाइकलको ब्रेक, टायर र लाइट पहिले जाँचौं, पछि पछुताउनु नपरोस्।
- सडक समस्या देख्ना साथ सडक डिभिजनलाई जानकारी गराऔं
- तपाईंको सूचना, सबैको सुरक्षा।
यातायात व्यवस्था सेवा कार्यालय
भैरहवा, रुपन्देही

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com